भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं. / Ref No.: २०८१/०८२
च.नं. / Des No.:

मितिः २०८२/०३/३२

## सामाजिक सुरक्षा भत्ताको परिचय-पत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६को दोस्रो संशोधन अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पुर्ण लाभग्राहीहरुले आगामी आ.व.२०८२/०८३ मा नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि मिति २०८२ श्रावण १ गतेदेखि २०८२ भाद्र मसान्तसम्म सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई निवेदन दिई सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गराउनुपर्ने व्यवस्था भएकोले तोकिएको अवधि भित्र देहायको आवश्यक कागजात सहित आफ्नो परिचयपत्र नवीकरण गराउनुहुन सम्बन्धित लाभग्राहीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ । निश्चित समय अवधिभित्र सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान नहुने व्यहोरा जानकारी गराइन्छ।

**आवश्यक कागजातहरुः**

१. जेष्ठ नागरिक र अन्य जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, एक प्रति फोटो र राष्ट्रिय परिचयपत्र नम्बर ।
२ विधवा महिलाको हकमा नागरिकता, पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, एक प्रति फोटो र राष्ट्रिय परिचयपत्र नम्बर
३ एकल महिलाको हकमा पुनः अर्को विवाह नगरेको हालसालैको वडा कार्यालयको सिफारिस, एक प्रति फोटो र राष्ट्रिय परिचयपत्र नम्बर ।
४ पूर्ण अपाङ्गता/ अतिअशक्त अपाङ्गताको हकमा नागरिकता वा जन्मदर्ता, नगरपालिकाबाट प्राप्त भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी, संरक्षकको नागरिकता र राष्ट्रियपरिचयपत्र नम्बर ।
५ बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, संरक्षकको राष्ट्रियपरिचय पत्र नम्बर ।

**पुनश्चः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा (६) बमोजिम भिमाद नगरपालिका अन्तर्गतका ९ वटै वडा भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएका लाभग्राहीको परिचयपत्र नवीकरण नभएका लाभग्राहीको नाम लगत कट्टा भएका व्यक्तिले पुनःलाभग्राहीमा सूचीकृत हुनका लागि नयाँ लाभग्राही सरह सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउनु हुन सूचित गरिन्छ ।**साथै बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका लाभग्राहीको हकमा स्वयम् उपस्थित हुनु नपर्ने र संरक्षकले आफ्नो राष्ट्रिय परिचयपत्र नम्बर सहित सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न सक्नेछन्।**

०८२/३/३२

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत


Contact No:- 065-572436, Website: bhimadmun.gov.np, Email:info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com